म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ | अङ्क:- १४५ | २०८३ वैशाख ५ गते शनिबार 18 April 2026, Saturday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## सर्वोच्चद्वारा गगनको नेतृत्वलाई आधिकारिकता

काठमाडौं : सर्वोच्च अदालतले नेपाली कांग्रेसको गगन थापाको समूहलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णय सदर गरेको छ । न्यायाधीशहरु शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयलाई कानुनसम्म ठहऱ्याएको हो । सर्वोच्चको निर्णयसँग विशेष महाधिवेशनलाई मान्यता दिन नहुने शेरबहादुर देउवा समूहको माग अप्रत्यक्ष रुपमा अस्विकृत भएको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले निर्णयको संक्षिप्त आदेश सुनाइरहेका छन् भने सर्वोच्च अदालतले आफ्नो वेबसाइटमा पूर्णबहादुर खड्काद्वारा दायर दायर रिट खारेज भएको जनाएको छ । सर्वोच्च अदालतको यो निर्णयसँगै विशेष महाधिवेशनबाट चुनिएको अहिलेको कार्यसमितिले गर्ने कामकारवाहीले निरन्तर मान्यता पाउनेछ । गत पुसको विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले वैधानिकता दिएपछि देउवा समूह त्यसका विरुद्ध सर्वोच्च पुगेको थियो । *स्रोत : अनलाइनखबर ।*

## बागमती प्रदेश

# एमालेले सत्ताको दावी छाडेको हो ?

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारको नेतृत्वलाई लिएर सत्तारुढ दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले बीच विवाद भइरहेको बुझिन्छ । पूर्वसहमति अनुसार सरकारको नेतृत्व हस्तान्तरण हुनुपर्ने एमालेको अडान छ भने नेतृत्व हस्तान्तरण बारे कुनै सहमति नै नभएको कांग्रेसको दावी छ ।

एमाले र कांग्रेसको केन्द्रमा बनेको नयाँ समीकरणपछि २०८१ साउन ७ गते नेपाली कांग्रेसका बहादुर सिंह लामाको नेतृत्वमा बागमती प्रदेश सरकार गठन भएको थियो । एमालेका अनुसार उक्त समयमा दुई दलबीच २०/२० महिना सरकारको नेतृत्व गर्ने गरी आलोपालोको भद्र सहमति भएको एमाले नेताहरुको दावी छ । उक्त सहमती लिखित रहेको र व्यक्तिभन्दा दलसँग गरिएकाले सहमति कार्यान्वयन हुनु पर्ने एमालेको माग रहेको छ । एमाले नेताका अनुसार सोही सहमति अनुसार तोकिएको समयपछि कांग्रेसले नेतृत्व छाड्नुपर्ने र एमालेले सरकारको बागडोर सम्हाल्नुपर्ने माग रहँदै आएको छ । तर, हाल एमालेले आफ्नो दावीलाई कति सशक्त ढंगले अघि बढाउँछ वा दबावमा परेर पछि हट्छ भन्ने प्रश्न उब्जाएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले सरकारको नेतृत्व परिवर्तनका विषयमा कुनै पनि औपचारिक छलफल नभएको बताउँदै आएको अवस्थामा एमालेका नेता तथा प्रदेश सभा सदस्यहरुले उक्त विषयमा प्रतिवाद गर्न सकेको देखिँदैन । एमाले प्रदेश सभा सदस्य केशव प्रसाद पोखरेलका अनुसार सरकारको नेतृत्व र प्रदेश सभाको सभामुख पदको बटमलाइनका सवालमा दुवै दल बीच स्पष्ट समझदारी आवश्यक रहनेछ । आवश्यक छलफल र सहमतिका माध्यमबाट उक्त विषय टुंग्याउनु पर्ने उनको भनाई छ ।

यता एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाका अनुसार पूर्वसहमति अवस्था अनुकुल रुपमा कार्यान्वयन हुने विश्वास व्यक्त गर्छन् । राजनीतिक इमान्दारिताका आधारमा कांग्रेसले उपयुक्त समयमा सत्ता नेतृत्व सहमति अनुसार नै हस्तान्तरण हुने उनको भनाई छ । सहमति अनुसार गत चैत भित्रै सहमति कार्यान्वयन हुनु पर्ने भएपनि एमालेले उक्त विषयलाई हार्ड एण्ड फास्ट रुपमा अघि नबढाएको उनले बताए । नेता जगन्नाथ थपलियाले सत्ता साझेदार दलहरुबीच भएको भद्र सहमति कार्यान्वयन छलफल र समझदारीबाट हुने बताए । मुख्यमन्त्री पदको आलोपालो र सभामुख चयनका विषयमा कांग्रेससँग भएको पूर्वसहमतिलाई एमालेले गम्भीरताका साथ लिएको तर, समय अनुकुलताका आधारमा निर्णय लिने उनले बताए । उनका अनुसार सरकारको नेतृत्व लिने विषयमा एमाले पछि हटेको छैन ।

'सहमतिबारे बहालवाला मुख्यमन्त्रीलाई पनि जानकारी छ । दुई दलीय संयन्त्रमा यसबारे छलफल गरेर टुंगोमा पुगिनेछ । कार्यपालिका र व्यवस्थापिकाको नियन्त्रण तथा सन्तुलनका लागि पनि मुख्यमन्त्री र सभामुख पद फरक-फरक दलले लिनु उपयुक्त हुन्छ । यदि मुख्यमन्त्री कांग्रेसकै रहने अवस्था आएमा सभामुख एमालेले लिने हो ।' उनले भने, 'वर्तमान सरकारको पर्फर्मेन्स सन्तोषजनक पनि छैन । नीति, विधि र ऐनहरु बनाउनुपर्ने समयमा सरकारले फुर्सदको सदुपयोग गर्न सकेन । समन्वय बिना नै योजनाहरुको बजेट कटौति गरिँदा विकास निर्माणका काम ठप्प भएका छन् ।' साधारण खर्च कटौती गर्न र मन्त्रालयको संख्या घटाएर प्रदेशलाई चुस्त बनाउन आवश्यक रहेकोमा उनले बताए । मन्त्रिमण्डल हेरफेरको विषयमा विभिन्न कोणबाट छलफल भइरहेको तर तत्काले कुनै निर्णय भइनसकेको उनले बताए । एमाले कुनै पनि निर्णय हतारमा भन्दा पनि परिपक्व ढंगले र दलहरुबीचको समझदारीमा गर्नेगरी अघि बढेको उनले बताए ।

नेकपा एमाले बागमती प्रदेश सभा सदस्य केशवप्रसाद पोखरेलले प्रदेश सभामुखको चयन र सत्तारुढ दलहरुबीचको शक्ति बाँडफाँटको विषयलाई सहमतिमा नै टुंयाउनुपर्नेमा जोड दिए । संविधानले तोकेको बमोजिम सत्ता साझेदार दलहरुबीचको अन्योलता अन्त्य हुनुपर्ने उनले बताए । प्रदेश सभा सदस्य पोखरेलले सभामुख चयनका लागि अब धेरै समय बाँकी नरहेको भन्दै सत्तारुढ दलहरुबीच ठोस छलफल र सहमति आवश्यक रहेको बताए । उनका अनुसार सत्ता साझेदारीको 'गिभ एण्ड टेक'को सिद्धान्तका आधारमा एमालेको 'बटमलाइन' स्पष्ट हुनुपर्ने हुन्छ ।

'सभामुख चयनको विषयमा संविधानले दिएको अधिकार र समयसीमाभित्रै रहेर प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ । यसमा सत्तारुढ दलहरु स्पष्ट हुनु आवश्यक हुन्छ । आगामी ९ गतेसम्म सभामुख चयनको प्रक्रिया टुंग्याउनुपर्ने कानूनी र अभ्यासगत बाध्यता रहेकाले त्यसतर्फ जिम्मेवार हुनुपर्ने हुन्छ ।' उनले भने, 'एमालेले कि सत्ताको नेतृत्व (मुख्यमन्त्री) पाउनुपर्छ, कि सभामुख पाउनुपर्छ भन्ने हाम्रो स्पष्ट माग हो । यसमा सत्ता साझेदार दल नेपाली कांग्रेससँगको समझदारी के हो ?'

प्रदेश सभा सदस्य पोखरेलले सरकारले नीति र विधि बनाउन पाएको समयको सदुपयोग गर्न नसकेको टिप्पणी गरे । सरकार गठन भएको यति समय भइसक्दा पनि नीतिगत र कानूनी कामहरुमा सरकार सुस्त देखिएको उनको भनाई छ । समन्वय बिना योजनाहरु काटिएका छन् र बजेट परिचालनमा समस्या देखिएको उनले बताए । सत्ता सहकार्यलाई थप प्रभावकारी बनाउन र सरकारको पर्फर्मेन्स सुधार्न नेतृत्वले समयमै ठोस निर्णय लिनुपर्ने उनले बताए ।

## दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : मदन भण्डारी लोकमार्ग अन्तर्गत हेटौंडा-सिन्धुलीमा सडकखण्डमा शुक्रबार दिउँसो भएको छुट्टाछुट्टै दुर्घटनामा २ जनाको मृत्यु भएको छ । दुर्घटनामा परी मकवानपुरको बागमती गाउँपालिका-७, फापरबारीका ४१ वर्षीय सूर्यबहादुर थोकर र बागमती गाउँपालिका-७ कै ४० वर्षीया चिनीमाया रुम्बा रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो १२ बजेर ३५ मिनेटको समयमा हेटौंडाबाट पूर्व फुर्केचौरतर्फ जाँदै गरेको ना ३९ प ३७५ नम्बरको मोटरसाइकल र फुर्केचौरबाट हेटौंडातर्फ आउँदै गरेको बा प्र ०३-००५ प ७२१९ नम्बरको मोटरसाइकल हेटौंडा-१८, भक्तिचोकमा आपसमा ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुर्घटनामा परी ७२१९ नम्बरको मोटरसाइकलमा सवार बागमती गाउँपालिका-७, फापरबारीका ४१ वर्षीय सूर्यबहादुर थोकर रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी बागमती गाउँपालिका-६ का ४० वर्षीय अन्तबहादुर बिसी, हेटौंडा-१८ का ३५ वर्षीय राजु थिङ र ७२१९ नम्बर मोटरसाइकलका चालक हेटौंडा-१८ का ३८ वर्षीय सूर्यमणि खतिवडा घाइते भएका छन् । अन्तबहादुर र राजुको अवस्था मध्यम रहे पनि सूर्यमणिको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै शुक्रबार दिउँसो १ बजेर ५५ मिनेटको समयमा मदन भण्डारी लोकमार्गअन्तर्गत मकवानपुरको बागमती गाउँपालिका-७, पाथिभरामा कारले रोकिराखेको अटोलाई ठक्कर दिँदा दुर्घटना भएको छ । हेटौंडाबाट ताप्लेजुङतर्फ जाँदै गरेको प्र ३-०१-०२३ च ३०८१ नम्बरको कारले रोकिराखेको ना २ ह ४५९२ नम्बर अटोलाई ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ । कारको ठक्करबाट अटोमा सवार बागमती गाउँपालिका-७ की ४० वर्षीया चिनीमाया रुम्बाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनामा परी अटो चालक बागमती-८ का २५ वर्षीय यमन राई सामान्य घाइते भएका छन् भने अटोमा सवार बागमती-७, शान्तिपुरका ११ वर्षीय सुबिन पुलामी मगर मध्यम घाइते भएका छन् । कार चालक काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिका-६ की ३५ वर्षीया सुजना लामालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि त्रिभुवन आर्मीलाई



*उपाधिसाथ त्रिभुवन आर्मी क्लबको टिम ।*

समाज संवाददाता

हेटौंडा : प्रधानमन्त्री कप एकदिवसीय क्रिकेटको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ । शुक्रबार भएको फाइनल खेलमा सुदूरपश्चिम प्रदेशको टिमलाई ५ विकेटले पराजित गर्दै आर्मीले उपाधि जितेको हो । वीरगन्जस्थित क्रिकेट मैदानमा भएको फाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ३९ ओभर ४ बलमा सवै विकेट गुमाएर १ सय ६१ रन मात्रै बनाउन सफल भयो ।

१ सय ६२ रनको मध्यम लक्ष्य पछ्याएको आर्मीले ३४ ओभर ३ बलमा ५ विकेटको क्षतिमा विजयी लक्ष्य हासिल गऱ्यो । १० ओभर ३ बलमा ३१ रन जोड्दा सुदूरपश्चिमले ५ विकेट गुमाइसकेको थियो । सुदूर पश्चिमका खड्का बोहरा र नरेन भट्ट समान १ रन जोडेर आउट भए । राजु रिजाल र दीपक बोहरा पनि समान ७ रन जोड्दै आउट भए । पाँचौं विकेटको रुपमा अभिषेक पाल ९ रनमा आउट भए । छैठौं विकेटका लागि किरण ठगुन्ना (३५ रन) र नारायण जोशी (२९ रन) ले साझेदारी गरेपछि सुदूर पश्चिमले २२ ओभरमा ९३ रन जोडेको थियो । ९८ रन जोड्दा सातौं विकेट गुमाएको सुदूपश्चिमले आठौं विकेट गुमाउँदा १०४ रन जोडेको थियो । सुदूरपश्चिमका लागि अशोक धामीले ४३ रनको योगदान दिए । आर्मीका आकाश चन्द्र र साहव आलमले ३/३ विकेट लिए ।

जवाफी ब्याटिङमा उत्रिएको त्रिभुवन आर्मी क्लबले पनि सुरुवाती प्रदर्शन खराब रह्यो । १० ओभर ३ बलमा ५६ रन जोड्दा आर्मीले ४ विकेट गुमाएको थियो । पहिलो ओभरमै विनोद भण्डारीलाई गुमाएको आर्मीले भीम सार्कीलाई १५ रन जोडेपछि गुमायो । कुशल मल्ल र तीर्थराज दास आउट हुँदा आर्मीले ५६ रन मात्रै जोडेको थियो । पाँचौं नम्बरका खेलाडी इमरान शेख र बसिर अहमदले क्रमश: ४६ र ४५ रनको योगदान गरेसँगै आर्मी सहज जित उन्मुख भएको थियो । फाइनल खेलको प्लेयर अफ द म्याच आर्मीका बसिर अहमद घोषित भए । प्रतियोगिताभर त्रिभुवन आर्मी क्लब अपराजित रह्यो । प्लेयर अफ द सिरिज लुम्बिनी प्रदेशका सन्तोष यादव घोषित भए । यादवले प्रतियोगितामा २६५ रन जोड्दा २१ विकेट लिएका थिए ।

आर्मीले सन् २०१७ मा पहिलो संस्करणमा नेपाल पुलिस क्लबसँग उपाधि बाँडेको थियो । यस्तै सन् २०२१ मा पनि उपाधि जितेको थियो । हरेक संस्करणको फाइनल खेलेको आर्मी ५ पटक भने उपविजेतामा सीमित भएको छ । नेपाल पुलिस क्लबले ४ पटक उपाधि जितेको छ भने एपीएफ क्लबले २ पटक उपाधि जितेको छ ।

# धितोपत्र बोर्डका अध्यक्षले दिए राजीनामा

काठमाडौं : नेपाल धितोपत्र बोर्ड अध्यक्ष सन्तोषनारायण श्रेष्ठले राजीनामा दिएका छन् । शुक्रबार सञ्चालक समिति बैठकमा श्रेष्ठले राजीनामा घोषणा गरेका हुन् । धितोपत्र ऐन अनुसार बोर्ड अध्यक्षले राजीनामा सरकार समक्ष बुझाउनुपर्छ । सोही अनुसार श्रेष्ठले शुक्रबार साँझै अर्थमन्त्री समक्ष राजीनामा दिएको जानकारी अर्थ मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

शुक्रबारको बोर्ड बैठक सकिएपछि श्रेष्ठले सञ्चालकरूलाई जानकारी दिँदै सरकारलाई सहयोग गर्न आफूले राजीनामा दिन लागेको बताएको ती सञ्चालकको भनाइ छ । श्रेष्ठलाई सरकारले १० मंसिर २०८१ मा धितोपत्र बोर्ड कार्यकारी अध्यक्ष नियुक्त गरेको थियो । दीपक भट्टको सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धानमा श्रेष्ठ पनि तानिएपछि सरकारले उनलाई राजीनामा दिएर सहयोग गर्न आग्रह गरेको थियो । सोही अनुसार श्रेष्ठले राजीनामा दिएका हुन् ।

*स्रोत : अनलाइनखबर ।*

# निर्माण सामग्री अभाव र लागत बढ्दा समस्या


*प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउनुहुँदै निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेल ।*

समाज संवाददाता

हेटौंडा : निर्माण व्यवसायी संघ मकवानपुरले निर्माणजन्य सामग्रीहरुको मूल्यवृद्धिको विरोध गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ । शुक्रबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी समक्ष संघका अध्यक्ष बालगोपाल कँडेलसहितको टोलीले ज्ञापनपत्र बुझाएको हो । चैत्र महिनादेखि इरान-इजरेल युद्धका कारण देखाउँदै सरकारले इन्धनको मूल्यवृद्धिको विषयमा संघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

ज्ञापनपत्रमा निर्माण सामग्रीहरु छड, सिमेन्ट, जस्तापाता, बिटुमिन, ढुङ्गा, गिट्टी, बालुवा, ढुवानी लगायत निर्माणजन्य सामग्रीहरु र उद्योगजन्य सामग्रीहरु को मूल्यवृद्धिले निर्माण व्यवसायीहरुलाई धेरै आर्थिक भार परेको उल्लेख गर्दै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरुलाई नै आर्थिक बोझ थपिने संघले ठहर गरेको छ । इन्धनमा भएको भारी मूल्यवृद्धि बाहेक निर्वाचनको मौका पारेर सीमित आयातकर्ताहरुले कार्टेलिङ्ग गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको अभाव सिर्जना गरी निर्माण व्यवसायीहरुलाई ठूलो आर्थिक समस्या परिरहेको समेत संघको दावी छ ।

सीमित उद्योगीहरुले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभावको कारण निर्माण व्यवसायीहरुको चालु आर्थिक वर्षभित्र नसकिने निर्माण कार्यहरू केहीमा सम्झौता हुन बाँकी रहेको तथा केही योजनाहरूमा काम सुरु गर्नै नसकिने जनाउँदै बजेट फ्रिज हुने जोखिम बढेकोमा सरकारको ध्यानाकर्षण गराएको छ । सरकारी निकायबाट स्पष्ट नीति, समयमै निर्णय र अभिभावकत्वको अभावका कारण व्यवसायीहरू अन्यौलमा रहेको बताउँदै ज्ञापनपत्रमा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भए अनुरुप मूल्य समायोजनको व्यवस्था गर्न आग्रह गरेको छ ।

एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकाङ्क वास्तविक नहुने भएकोले यस्ता निर्माण सामग्रीहरुको मूल्य स्थिर नहुँदासम्मका लागि सरकारको तर्फबाट नै कन्स्ट्रक्सन होलिडे अर्थात (निर्माण कार्य बन्द) घोषणा गर्दै मूल्य समायोजनको व्यवस्था तत्काल लागु गरी निर्माणका आयोजनाहरु संचालन गर्न सरकार समक्ष माग गरिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community




UNITED ENGLISH BOARDING SCHOOL

Manahari-8, Makawanpur

VACANCY ANNOUNCEMENT!!!

(Date of publication: 2083-01-05)

United English Boarding School located at Manahari-8, A school with a glorious history of 26 years of academic excellence and an outstanding management system announces vacancies for the following posts:

| S.N | Subject/Position | Level | No. Required | Qualification |
|---|---|---|---|---|
| 1 | English Teacher | Secondary | 1 | M.Ed. in English |
| 2 | Social Teacher | Basic Level | 1 | B.A. or B.Ed. in relevant subject |
| 3 | Math Teacher | Basic Level | 1 | B.A./B.Ed. with Major in Mathematics |
| 4 | Computer Teacher | Basic Level | 1 | +2 (Intermediate) in Computer Science |

**Required Competencies**

- Strong subject knowledge and effective teaching skills.
- Excellent classroom management and student engagement abilities.
- Good communication and interpersonal skills.
- Proficiency in student assessment and evaluation methods.
- Professional attitude with a commitment to continuous learning and development.

Prospective candidates are encouraged to submit a handwritten application, updated CV, photocopies of academic certificates, and recent passport-size photographs by **10th Baisakh 2083.**

***Salary: No restrictions for deserving candidates***
**Selection Process -Class observation & Interview.**

**For further information:-057-414040, 9855077641, 9855077642**
Email: acadamyunited@gmail.com
Facebook: www.facebook.com/unitedenglishboardingschool
Website:-www.uebschool.edu.np
www.uebschool.edu.np
Principal
Email:- acadamyunited@gmail.com

**Principal**

# फरक

लघुकथा



✍श्यामप्रसाद श्रेष्ठ

अग्ला पर्खालले घेरिएको त्यो ठूलो घर अगाडि आज फेरि हल्ला मच्चिएको थियो । गेटअघि गाउँलेहरूको भीड थियो । एउटा गाडी भित्र पस्न खोज्दै थियो, तर भीडले बाटो रोक्यो ।

एक वृद्ध गाउँले रिसाउँदै गाडितिर हेर्दै भने, 'यो घरमा बस्ने तिमी नयाँ मुखिया र अघिल्लो मुखियाबीच फरक नै के छ र ? बेकारमा किन निकाल्यौ उसलाई ?'

गाडीको ढोका खुल्यो । एक नवयुवक मुखिया शान्त भावले बाहिर निस्कियो । भीडतर्फ दृष्टि लगाउँदै उसले शान्त स्वरमा सोध्यो, 'गाउँले हो, साँच्चै कुनै फरक देख्नुभएन ?'

भीडभित्रबाट अर्को स्वर आयो, 'के फरक हुनु ! हिजो पनि गाडी भित्र पस्थ्यो, बाहिर निस्किन्थ्यो । आज पनि त्यही भइरहेको छ ।'

क्षणभर मौनता छायो । मुखिया गाडीबाट ओर्लिंदै भन्यो, 'हेर्दा उस्तै उस्तै देखिन्छ, तर फरक छ । आउनुहोस् म देखाउँछु ।' भन्दै उनले गाडिको पछाडिको ढोका खोल्दै देखाए ।

गाउँलेहरू जिज्ञासु हुँदै अघि बढ्दै गाडीभित्र नियाले ।

मुखियाले भिडतर्फ हेर्दै भने, 'हिजो गाडी खाली भित्र पस्थ्यो र घरको सामानले गाडि भरिएर बाहिर निस्किन्थ्यो ।'

एकछिन थामिएर उसले थप्यो, 'तर आज रित्तिएको घर सजाउन गाडि सामान बोकेर भित्र पस्छ र खाली फर्किन्छ । फरक यति मात्रै हो ।

*हेटौंडा-६, चौघडा*

# जीवन

लघुकथा



✍आरसी रिजाल

एकजना निक्कै कुप्रो बुढा, जसले बसेरमात्र आकाश हेर्न सक्थे । अझ पूरा आकाश हेर्न त उत्तानो पर्नुपर्थ्यो । साँच्चै भन्ने हो भने उहाँले आकाश पिठ्युँमा बोकेर हिँडे झैं भान हुन्थ्यो । सबै उमेरकाले उहाँलाई दाइ भनी सम्बोधन गर्थे । उहाँ टक्क रोकिएर निक्कै कठिनाइपूर्वक टाउको ठाडो पारेर नमस्कार फर्काउनु हुन्थ्यो ।

शारीरिक रुपमा कमजोर भए तापनि आफैं मोटरसाइकल चलाउनु हुन्थ्यो । उहाँको साहस र सक्रियता देखेर धेरैले तारिफ गर्थे । उहाँ बूढो भैयो भनेर चाउरिन हुन्न । जिन्दगी भनेको काँडा बीचको फुल हो । संघर्ष गरेर बाँच्नु सक्नुपर्छ भन्नुहुन्थ्यो । गीत, संगीतमा उहाँको ठूलो लगाव थियो । उहाँका पुग्दा जहिले पनि हारमुनियम बजाउँदै गुनगुनाएको पाउँथ्यौं ।

शारीरिक रूपमा कमजोर हुनेलाई हाम्रो समाजमा हियाउने वा पछाडी कुरा काट्ने भेटिन्छन् । कतिपयले उहाँलाई उ 'भीम' आयो भनी खिज्याएको पनि सुनेको छु ।

एक साँझ उहाँ हेटौंडाको फुटपाथमा हिँड्दै हुनुहुन्थ्यो रे ! अपरिचित दुईजना केटा उहाँकै हिडाइमा पछ्याउँदै थिए रे ! उहाँले पाकेटमार केटा हुन् कि ठान्नु भयो रे ! केहिबेरमै केटाहरुले 'बुवा ! हजुरको के हरायो ? हामी खोजीदिन्छौ' भने रे ! उहाँले 'तिमीहरूले भेट्न सक्तैनौ बाबू हो । मेरो जीवन हराएको छ' भन्नुभयो रे !

# सिन्धुली डायरी



✍स्वप्निल गिरी

साथीहरु हजुरहरु विद्यालयको अन्तिम परीक्षा सकेर के-के गर्नुभयो ? कहाँ जानु भयो ? म चाहीं परीक्षा सकेर सिन्धुली गएँ । हामी सिन्धुली जाँदा इभी गाडीमी चढेर बिहानको ९ बजे गएका थियौं । सिन्धुली जाँदा हामी परिवार मिलेर गएका थियौं । हामीलाई सिन्धुली पुग्न ३ घण्टा लाग्यो । गाडीले फापरबारीमा रोकेको थियो । गाडीले १० मिनेटसम्म रोक्यो । त्यो समयमा हामीले डार्क फेन्टासी र माल्किस्ट बिस्कुट खायौं ।

हामी सिन्धुली १२ बजे पुग्यौं । सिन्धुली पुगेर हामी होटलको कोठामा गएर हात, खुट्टा धोयौं र आराम गऱ्यौं । त्यसपछि हामीले खाजा खायौं । अनि पौडी पनि खेल्यौं । पौडी खेलेको २ घण्टापछि हामी सबैजना पार्क गयौं र चट्पटे खायौं, गाडी खेल्यौं । त्यसपछि हामी बेलुका मन्दिर गयौं । त्यहाँ हामी खेल्यौं र आउँदा हामीले ५ रुपैयाँ भेट्टाएर पाचक किनेर खायौं । पाचक खाँदा सबैजना बाँडेर खायौं र रमाइलो भयो । स्वऋतले होटलको रूम कार्ड हराएछ । रम कार्ड खोज्दाखोज्दै फेरी फर्केर मन्दिर पुगेँ । त्यहीँ रूम कार्ड रहेछ ।

होटलको कर्मचारीले हामीसँग राम्रो व्यवहार गरे । भोलिपल्ट हामीले कपडा लगाएर खाना खाएपछि सिन्धुलीगढी गयौं । म, भाइ, आमा, सुप्रिच, सोनिका अन्टी, स्वऋत हामी गढी गएका थियौं । त्यहाँ हामीले दूरबिनले टाढा-टाढाको सानो घर पनि ठूलो देखिरहेका थियौं । हामीले आइसक्रिम खायौं । फोटो पनि खिच्यौं र संग्रहालय पनि घुम्यौं ।

त्यसपछि हामी गाडी चढेर हेटौंडातिर फर्कियौं । हामी ३ घण्टाको यात्रापछि ७ बजे हेटौंडा आइपुग्यौं । हजुरहरु सबैजना पनि सिन्धुली जानुपर्छ । सिन्धुली पुगेपछि तपाइहरु सिन्धुलीगढी घुम्न जानुपर्छ । मैले घर फर्किंदा र सिन्धुली जाँदा पहाड, घर, गाडीहरु, पसल र जङ्गल देखेँ । अन्तमा मेरो विद्यालय छुट्टीको बेलामा सिन्धुली घुमाई रमाइलो र स्मरणीय भयो । मलाई घुमाउन लैजानुहुने मेरो बाबालाई पनि धेरै धन्यवाद दिन चाहन्छु किनकी मेरो बाबाले घुमेर पनि केही सिकिन्छ भनेर हामीलाई घुमाउनु भयो । विदाको समय रमाइलो पनि भयो ।


*कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४*

# नैतिक शिक्षाको उल्टो यात्रा

**हामीले नैतिकताको उल्टो यात्रा रोकेनौं भने भोलि यो समाजमा मान्छे त हुनेछन्, तर मानवता हुनेछैन; कानून त हुनेछ, तर न्याय हुनेछैन; र मन्दिर त हुनेछन्, तर ईश्वर हुनेछैन । यदि हामी आफैं ऐनाअगाडि उभिएर आफ्नो अनुहारको लेदो पुछ्न तयार छैनौं भने, निर्दोष बालबालिकाको झोलामा 'नैतिक शिक्षा' को पुस्तक कोच्नु भनेको एउटा मृत लासलाई अत्तर छर्किनु जस्तै व्यर्थ हो ।**



✍इश्वरा सिवा




रुकुरा सुन्दा निकै मीठो सुनिन्छ- 'नैतिक शिक्षा' । मानौं, यो कुनै जादुमयी चक्की हो, जुन बालकलाई खुवाउनासाथ ऊ रातारात ऋषिमुनि बनेर निस्कनेछ । राज्यले विद्यालयमा फेरि यो विषय अनिवार्य गर्ने घोषणा गर्दा यस्तो लाग्छ, मानौं समाजमा फैलिएको भ्रष्टाचार, हिंसा र व्यभिचारको एउटै मात्र ओखती अब 'नैतिक शिक्षा' को पाठ्यपुस्तक हो । यद्यपि, हाम्रो समाजमा नैतिकता अहिले सरकारी कार्यालयको त्यो फाइल जस्तो भएको छ, जसमा बाहिर 'अति जरुरी' लेखिएको छ, तर भित्रका पानाहरू रित्ता छन् । हामी बालबालिकाको काँधमा पाठ्यपुस्तकसँगै एउटा ठूलो 'पाखण्डको पहाड' बोकाउन खोजिरहेका छौं । यो नैतिकताको सिधा होइन, उल्टो यात्रा हो ।

### घरभित्रको पहिलो झुट

यात्राको शुरुवात घरबाटै हुन्छ । आमाबुबा भन्छन्- "बाबु, झुट बोल्नु पाप हो, सत्यको बाटो कहिल्यै नछोड्नु ।" ठीक त्यही बेला ढोकामा साहु आएर ढकढक्याउँछ । बुबाले सुस्तरी इसारा गर्दै भन्छन्- "जा, बुबा घरमा हुनुहुन्न भनिदे ।" बालकको कलिलो मथिङ्गलमा पहिलो गाँठो त्यहीँ पर्छ । उसले बुझ्छ- 'सत्य' त केवल किताबमा लेखिने वा प्रवचनमा भनिने सैद्धान्तिक रटान मात्र रहेछ, 'झुट' त जीवन चलाउने व्यावहारिक इन्धन हो ।

हामी बच्चालाई अरूको सम्मान गर्न र सबैलाई समान देख्न सिकाउँछौं । तर बिहानै चियाको कपसँगै परिवारका ठूलाबडाहरूले जब छिमेकीको जात, उसको औकात र उसको चरित्रमाथि छिर्के दाउ लगाउँछन्, तब बालकले 'सम्मान' को परिभाषा होइन, 'विभेद' को व्याकरण घरकै भान्साबाट सिक्छ । उसको कलिलो मनमा यो कुरा गढ्छ कि- आफूभन्दा शक्ति, पद र पैसा कम हुनेलाई जे भने पनि वा जे गरे पनि हुँदो रहेछ । घरमा सिकाइने यो दोहोरो मापदण्ड नै नैतिकताको उल्टो यात्राको पहिलो पाइला हो ।

### रूपर्दाको अश्लीलता

हाम्रो उल्टो यात्रा यतिमा मात्र रोकिँदैन । अचेल बालबालिकाको पहुँचमा यस्ता सिनेमा र संगीत छन्, जहाँ रोमान्सका नाममा 'ब्लर' नगरिएका अश्लील दृश्यहरू र वीरताका नाममा विभत्स क्रूरता देखाइन्छ । आजका 'भाइरल' गीतहरूका शब्द र भिडियोहरू सुन्नुहोस्- जहाँ प्रेमलाई केवल शरीरको भोग र महिलालाई एउटा उपभोग्य वस्तुका रूपमा प्रस्तुत गरिन्छ । समाजका भद्रभलाद्मीहरू तिनै द्विअर्थी गीतमा कम्मर मर्काएर नाच्छन् र ताली बजाउँछन् ।

रुजब एउटा बालकले पर्दामा आफ्नो नायकले रगतको होली खेलेको देख्छ वा शक्तिको आडमा कसैको अस्मिता लुटेको दृश्यलाई वीरताका रूपमा व्याख्या गरिएको पाउँछ, तब उसको मानसपटलमा नैतिकताको जग नै भत्किन्छ । यस्ता दृश्य र संगीतले बाल मस्तिष्कलाई समयभन्दा अगाडि नै परिपक्व मात्र बनाउँदैनन्, बरु उनीहरूको मानवीय संवेदनालाई नै भुत्ते बनाइदिन्छन् । उसले सिक्छ- प्रेम भनेको शरीरको प्राप्ति हो र शक्ति भनेको अरूलाई सिध्याउनु हो । हामी बालबालिकालाई सज्जन बन्ने उपदेश त दिन्छौं, तर उनीहरूको दिमागको पर्दामा भने तिनै अश्लील र हिंस्रक मानकहरूलाई आदर्श बनाएर सजाइदिन्छौं ।

### शिक्षा कि पैसाको व्यापार ?

जब बालक विद्यालय पुग्छ, त्यहाँ उसको स्वागत त्यो शिक्षकले गर्छ, जसको हातमा लट्ठी र मुखमा 'नैतिकता' को उपदेश छ । यो कस्तो विरोधाभास ! जो शिक्षक विद्यार्थीको अलिकति फरक मत सुन्नासाथ 'प्याट्ट पिट्छ' वा 'गाली गरेर झम्टिन्छ', उसले दिने नैतिकताको प्रवचनले बाल मनोविज्ञान कसरी बदल्न सक्छ ?

त्यसैगरी, विद्यालयमा उसले नैतिकताको पाठभन्दा पहिले 'पैसाको शक्ति' देख्छ । शिक्षा अहिले सेवा होइन, एउटा महँगो र नाफामूलक व्यापार बनेको छ । विद्यालयका चर्को शुल्क, भर्नाका नाममा लिइने 'डोनेसन' र 'टाइ-बेल्ट' को चमकधमकले बालकलाई सिकाउँछ - ज्ञानभन्दा ठूलो त आर्थिक स्तर रहेछ । एउटा सामान्य श्रमिकले आफ्नो बच्चालाई राम्रो विद्यालयमा पढाउन नसक्ने यो विभेदकारी शिक्षा प्रणालीले बालकलाई सानैदेखि 'हुने-खाने' र 'हुने-भुस' बीचको खाडल बुझाइदिन्छ ।

अभिभावकले रगत-पसिना एक गरेर तिरेको चर्को शुल्कको रसिदमा नैतिकताको कुन अक्षर छापिएको हुन्छ ? जहाँ विद्यालय सञ्चालकहरू शिक्षालाई 'प्रडक्ट' र विद्यार्थीलाई 'ग्राहक' ठान्छन्, त्यहाँ दिइने नैतिक शिक्षाले कुन चाहिँ चरित्र निर्माण गर्ला ? विद्यालयहरू अहिले अक्षर चिन्ने कारखाना त बनेका छन्, तर मान्छे चिन्ने पाठशाला बन्न सकेका छैनन् । शिक्षकले भन्छ- "प्रश्न गर", तर बालकले प्रश्न गर्दा उसको अहङ्कारमा चोट पुग्छ र उसले बालकको जिज्ञासालाई दमनले कुल्चिन्छ । फरक मतलाई शत्रु देख्ने यो संस्कारले समाजमा 'रोबोट' हरू त जन्माउँछ, तर सोच्न सक्ने नागरिक जन्माउँदैन । भयमा आधारित नैतिकता वास्तवमा नैतिकता नै होइन । त्यो त केवल एउटा मुखौटा हो, जुन मौका पाउनासाथ स्वतः फुत्किन्छ ।

### रुडिजिटल धमिरा र भीडतन्त्र

आजका शिशुहरू आमाको लोरी वा हजुर आमाका दन्त्यकथा सुनेर होइन, मोबाइलको नीलो प्रकाशमा आँखा गाडेर निदाउँछन् । निर्दोष देखिने कार्टुनहरू वास्तवमा नैतिकता सिध्याउने 'डिजिटल धमिरा' हुन् । कार्टुनको एउटा पात्रले अर्कोलाई हथौडाले हिर्काउँछ, अर्को पात्र च्याप्टो हुन्छ र फेरि जुरुक्क उठेर बदला लिन कुद्छ । रुबच्चाले के सिक्छ ? उसले सिक्छ कि हिंसा मनोरञ्जन लिने तरिका हो र बदला लिनु नै वीरता हो । पब्जी र फ्री-फायर जस्ता गेमहरूले उसको कलिलो चेतनामा जितको एउटै अर्थ बुझाउँछन्- हत्या । जहाँ साथीलाई 'मार' भन्दा पोइन्ट पाइन्छ, त्यहाँ हुर्किएको बालकले भोलि समाजमा सहिष्णुता र करुणाको पाठ कसरी बुझ्ला ?

रुत्यस्तै, सामाजिक सञ्जालमा देखिने 'डिजिटल लिन्चिङ' अर्को डरलाग्दो यथार्थ हो । कसैको एउटा सानो गल्ती वा फरक मतमाथि हजारौंको भर्चुअल भीड यसरी जाइलाग्छ कि मानौं त्यो व्यक्तिको बाँच्ने अधिकार नै छैन । जब बच्चाले आफ्नै घरका ठूलाबडालाई फेसबुक र टिकटकमा अरूको उछित्तो काढेको र चरित्र हत्या गरेको देख्छ, तब उसले बुझ्छ कि भीडमा मिसिएर कसैलाई सिध्याउनु नै वीरता र 'भाइरल' हुनु नै नैतिकताको नयाँ मानक हो । यहाँ मर्यादाको अन्त्येष्टि भइसकेको छ र घृणाको व्यापार फस्टाएको छ ।

### समाजको नग्न अनुहार

समाजमा निस्किएपछि बालकले अर्को डरलाग्दो यथार्थ देख्छ- जातको भूगोल र पाखण्डको राजनीति । पुस्तक भन्छ- "सबै मानिस बराबर हुन्", तर आश्चर्य, छेवैमा उसले देख्छ कि उसको बाबुले कसैको थर सोधेपछि मात्र उसको घरको पानी पिउने कि नपिउने निर्णय गर्छ । मन्दिर भित्र भगवानको पूजा हुन्छ, तर त्यही मन्दिरको गेटमा एउटा गरीब बच्चाले रोटी माग्दा उसलाई झम्टेर लखेटिन्छ ।

हामीले धर्मलाई 'आचरण' बाट हटाएर 'प्रदर्शन' मा झारेका छौं । निधारमा लामो तीलक लगाउने तर मुटुमा घृणा बोक्ने यो धार्मिक पाखण्डले बालबालिकालाई झन् बढी भ्रमित बनाउँछ । उनीहरूले देख्छन् कि- जतिसुकै अपराध गरे पनि मन्दिरमा ढोग दिएपछि वा दान गरेपछि तुरुन्तै नैतिकवान् भइँदो रहेछ । एउटा मान्छेको सम्मान उसको चरित्रले होइन, उसको बैंक ब्यालेन्स र उसको पुर्खाको जातले तय हुन्छ । यसरी समाजले बालकलाई सिकाउँछ - "नैतिक बन्नु भनेको कमजोरी हो, चलाख बन्नु र अरुलाई कुल्चेर अगाडि बढ्नु नै सफलता हो ।"

### सत्ताको सुन र रित्तो बाकस

सबैभन्दा उल्टो र बीभत्स दृश्य त राज्यको नेतृत्वमा देखिन्छ । देशको मन्त्रीले जब किलोका किलो सुनको विवरण बुझाउँछ र भ्रष्टाचारका फाइलहरूमा राजनीतिक जलप लगाइन्छ, ठीक त्यही बेला एयरपोर्टमा एउटा 'रित्तो बाकस' ओर्लिन्छ । त्यो बाकसमा ५० डिग्रीको मरुभूमिमा आफ्नो आयु पगालेर देशको रेमिट्यान्स धानेको कुनै युवकको लास तेर्सिएको हुन्छ ।

रुजब राज्यले 'पसिना' को लगत कहिल्यै राख्दैन तर भ्रष्टाचार र सम्पत्तिको पारदर्शिताको नाटक मञ्चन गर्छ, तब नैतिकताको परिभाषा त्यहीँनेर मर्छ । नेतृत्वले जब झुटलाई सत्यको आवरण लगाउँछ र संसद्मा घृणाको खेती गर्छ, तब बालकले नैतिकतालाई एक कमजोरी र भ्रष्ट हुनुलाई जीवनको अवसर ठान्न थाल्छ । खाडीबाट बाकसमा फर्कने शवहरू र शहरका आलिसान बंगलाहरूबीचको यो दूरी नै हाम्रो देशको सबैभन्दा ठूलो अनैतिकता हो । आज प्रशासनमा 'बर्दीभित्रको अहङ्कार' र 'फाइलभित्रको घुस' देख्ने युवाले भोलि कुन नैतिक मूल्यको आधारमा देश निर्माण गर्ला ?

### निष्कर्षः मुहानकै लेदो सफा गरौं

नैतिकता राराको पानी जस्तो स्थिर कुरा होइन, यो त बगिरहने नदी जस्तो हो । यदि माथि मुहानमै लेदो जमेको छ भने, तल्लो तटीय क्षेत्रमा सफा पानीको अपेक्षा गर्नु आफैंमा एउटा उल्टो कुरो हो । बालकको झोलामा नैतिकताको पुस्तक कोच्नुअघि यो देशका शासक, प्रशासक, शिक्षक र अभिभावकहरुले नैतिकताको पहिलो अक्षर आफैं पढ्न र व्यवहारमा उतार्न आवश्यक छ ।

रुअहिलेको पुस्ता 'अक्षर चिन्न सक्ने रोबोट' बन्दैछ, जसमा सूचना त छ तर संवेदना छैन । हामीले आफ्नो आचरण बदल्नेबित्तिकै बालबालिकालाई पढाउनै पर्दैन, उनीहरूले व्यवहारबाटै सिक्नेछन् । जबसम्म यो भूगोल रित्तो पार्ने 'श्रम' को लगत बुझिँदैन, तबसम्म 'सुन' को लगत बुझाउने मन्त्रीको नैतिकताले कुनै बालकको भविष्य सुधार्दैन । अब स्पष्ट हुनुपर्छ- नैतिकता कुनै पाठ्यक्रममा छापिने अक्षर होइन, यो त रगतमा बग्ने इमान हो । जबसम्म हामी बालकलाई 'सत्य बोल्नु' भन्दै साहुलाई 'बुबा घरमा हुनुहुन्न' भन्न लगाउँछौं, तबसम्म हाम्रो शिक्षाले चरित्र होइन, केवल एउटा कुशल अपराधी र 'छली' नागरिक तयार पारिरहनेछ ।

हामीले नैतिकताको उल्टो यात्रा रोकेनौं भने भोलि यो समाजमा मान्छे त हुनेछन्, तर मानवता हुनेछैन; कानून त हुनेछ, तर न्याय हुनेछैन; र मन्दिर त हुनेछन्, तर ईश्वर हुनेछैन । यदि हामी आफैं ऐनाअगाडि उभिएर आफ्नो अनुहारको लेदो पुछ्न तयार छैनौं भने, निर्दोष बालबालिकाको झोलामा 'नैतिक शिक्षा' को पुस्तक कोच्नु भनेको एउटा मृत लासलाई अत्तर छर्किनु जस्तै व्यर्थ हो । अब उपदेशको खेती बन्द गरौं र आचरणको बिजारोपण गरौं । अन्यथा, इतिहासले हामीलाई एउटा यस्तो पुस्ताका रूपमा सम्झिनेछ, जसले सन्तानलाई 'सुसंस्कार' त होइन, केवल 'सुन्दर ढोंग' मात्र विरासतमा छोडेर गयो ।

*(स्रोत : साहित्यपोस्ट)*

# शून्यबाट शिखरसम्म

लघुकथा



✍रित बहादुर श्रेष्ठ

जीवन कहिलेकाहीँ यति शान्त देखिन्छ कि त्यसको गहिराइ अनुभव गर्न मानिसले आफ्नै आत्माभित्र डुब्नैपर्छ । जहरमान त्यही मौन यात्रामा थियो । बाहिर सबथोक सामान्य, तर भित्र निरन्तर हलचल । ऊ भीडमा थियो, तर भीडले उसलाई कहिल्यै छोएन । शैक्षिक सत्रको पहिलो दिन थियो । विद्यालयको प्राङ्गणमा विद्यार्थीहरूको चहलपहल, नयाँ किताबको गन्ध, अनि आँखामा चम्किएको भविष्यको सपना, सबै कुरा एकसाथ मिसिएको थियो । तर उसको मन भने अन्योलले भरिएको थियो ।


विगत वर्षको असफलताले उसको आत्मविश्वास कमजोर बनाएको थियो । ऊ सोच्थ्यो 'म किन अरूजस्तो हुन सक्दिनँ ?' त्यही बेला कक्षामा प्रवेश गर्नुभयो शिक्षक अनि मुस्कुराउँदै उनले बोर्डमा ठूलो अक्षरमा लेखे, 'सुरुवात सधैं शून्यबाट हुन्छ ।' सबै विद्यार्थीहरू चुप लागे । सरले विस्तारै भन्नुभयो, 'अघिल्लो वर्षले तिमीलाई परिभाषित गर्दैन । त्यो त केवल सिकाइको एउटा पाना हो । असफलता भनेको अन्त्य होइन । त्यो त सफलताको ढोका खोल्ने चाबी हो ।' जहरमानका आँखा एकाएक चम्किए तर पनि उसको हाँसो ओठसम्म सीमित थियो, हृदयसम्म पुग्दैनथ्यो ।

अर्कोदिन, साधारण कक्षामा शिक्षकले पुनः असाधारण प्रश्न सोधे, 'तिमीहरुले आफूलाई कहिले भेट्यौ ?' प्रश्नले कक्षाको हावा चिरेर जहरमानको मनमा ठोक्कियो । त्यसपछि उसले पहिलोपटक किताब होइन, आफ्नै मन पढ्न सुरु गऱ्यो । ऊ बदलिन थाल्यो, उसमा आत्मविश्वासको पुनर्जन्म भयो, धेरै होइन, तर गहिरो रूपमा । शिक्षकले फेरी विस्तारमा थप्नुभो, 'शिक्षा केवल किताबमा सीमित हुँदैन, त्यो त सोच बदल्ने प्रक्रिया हो । असफलता अन्त्य होइन, नयाँ सुरुवातको संकेत हो । सही दृष्टिकोण र निरन्तर प्रयासले हरेक विद्यार्थी आफ्नो जीवन बदल्न सक्छ, नयाँ सत्र केवल कक्षा परिवर्तन होइन, जीवन परिवर्तन गर्ने अवसर पनि हो ।'

अब उसले गल्तीहरू लुकाउन छोड्यो, बरु तिनैसँग संवाद गर्न थाल्यो । समय बग्दै गयो, र परिवर्तन मौन रूपमा बढ्दै गयो । जब परिणाम आयो, त्यो केवल अंकको सुधार थिएन, त्यो एउटा चेतनाको पुनर्जन्म थियो । जहरमानले अन्ततः बुझ्यो, परिवर्तन कुनै चमत्कार होइन, यो त शून्यबाट सुरु भएको निरन्तर आत्मसंवाद र आत्मविश्वासको परिणाम हो ।

# चक्र

लघुकथा



✍प्रा.डा. पशुपति फुयाल

"तिमी फेरि किन फर्किएर आयौ ?", बूढो वरको रूखले रोकिएर ठिङ्ग उभिएको एउटा अदृश्य वायुलाई प्रश्न गऱ्यो ।

रुहावाको झोक्काले सुसाउँदै उत्तर दियो, "म त कहिल्यै गएकै थिइनँ, बाजे ! म त केवल रूप फेरेर अर्कै दिशातिर बग्दै थिएँ ।"

त्यसबखत रुवसन्तको आगमनसँगै वरका पालुवाहरूमा नयाँ चमक थियो । चराचुरुङ्गीहरू नयाँ गुँड लगाउन व्यस्त थिए । धर्तीको हरेक कणमा एउटा अज्ञात छटपटी र उत्साह मिसिएको थियो । वरले आफ्ना लामा जटा सुम्सुम्याउँदै भन्यो, "मानिसहरू भुइँमा रङ्गीचङ्गी रेखा कोर्दै छन्, पात्रो पल्टाउँदै छन् । उनीहरूलाई लाग्छ, आजबाट केही नयाँ शुरु हुँदैछ ।"

वायु अट्टहास हाँस्यो, "हो, उनीहरू सूर्य मेष राशिमा पसेको उत्सव मनाउँदै छन् । कसैले यसलाई बैसाखी भन्छन्, कसैले सङ्क्रान त कसैले ल्होसार । तर उनीहरूलाई थाहा छैन, यो त केवल एउटा अनन्त: यात्राको एउटा सानो बिन्दु मात्र हो ।"

"तर बाजे, के साँच्चै समय फेरिन्छ त ?", एउटा भर्खरै पलाएको मुनाले कलिलो स्वरमा सोध्यो ।

रुवरका हाँगाहरू अलि बढी झुके । वातावरणमा एउटा गम्भीर शान्ति छायो । वरले आफ्नो अनुभवको भारी बिसाउँदै जीवनको शाश्वत सत्य बोल्यो ।

रु"परिवर्तन समयको स्वभाव हो, तर रूपान्तरण चेतनाको सङ्कल्प हो ।"

मुना अलमलियो र सोध्यो, "त्यसो भए यो नयाँ वर्ष के हो त ?"

रुहावाले सुस्तरी उसको कानमा फुसफुसायो, "यो त केवल तिम्रो पुरानो बोक्रा फाल्ने एउटा बहाना मात्र हो ।" *(स्रोत : साहित्यपोस्ट)*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

# आशा



**✍सरोज प्रसाद साह**

न आशा बाचेको छ, न आशा मरेको छ !
न आशा आएको छ, न त गएको छ !!
न आशा घटेको छ, न आशा बढेको छ !!!
जीवनरूपी आशाले, यो जीवन चलेको छ !!!!



न आशा मेरो हो, न यो तिम्रो हो !
न आशा मूर्त छ, न अमूर्त छ !!
न आशा उच्च छ, न त तुच्छ छ !!!
आशारूपी आशाले, यो, जीवन व्यस्त छ !!!!



न आशा अमर हो, न यो क्षणिक हो !
न आशा बालक हो, न यो जवान छ !!
न आशा वृद्ध, न त बेजान छ !!!
आसरुपी शक्तिबिना, जीवन बेजान् छ !!!



न आशा आज हो, न त हिजो नै !
न आशा सभ्य छ, न असभ्य छ !!
न आशा तरल छ, न त ठोस नै !!!
तर पनि आशारूपी, विश्वासले जीवन बगेको छ !!!



न आशा त बाट छ, न आशा तपाईबाट छ !
न आशा गणित छ, न त यो विज्ञान नै !!
न आशालाई जलाउन सकिन्छ, न बचाउन सकिन्छ !!!
तर पनि जीवनरूपी आशाले, जीवनलाई उठाउन सकिन्छ !!!!

# गजल



**✍नवशिला**

भए हुन्थ्यो केही दिन सवारी हजुरको
चाहिएको छ मलाई छहारी हजुरको ।

टोलाउँछु आजकल सम्झिएर हरपल
आउनुस् रिसाउन त्यो भारी हजुरको ।

देख्दै छु आजकल म उदासी अनुहार
काट्नुस् र आउनुस् त्यो दाह्री हजुरको ।

जेजे गर्न मन छ यही आउनुस् र गर्नुस्
पठाउँछु म दिल खुस पारी हजुरको ।

गरी अब खनजोत रोप्न मन छ बिरुवा
बनाउनुछ हरियो चाँडै बारी हजुरको ।

खन्याएर यौवन खुसी पार्न तन मन
भर्नु छ प्रेमले मैले भकारी हजुरको ।

*बेलबारी-२, नवदेव मार्ग*
*लालभित्ती, मोरङ*

# आमाको अनुहारभित्र लुकेको ब्रह्माण्ड



**✍सिएम रिमाल**

आउँदैछ फेरि त्यो दिन
जहाँ समयले आफ्नै हृदय खोलेर
आमाको अनुहारमा आशिष लेखिदिन्छ
आमा
तिम्रो अनुहार त केवल अनुहार होइन
त्यो त जीवनका
अनगिन्ती कथाहरूको
उज्यालो पाना हो
जहाँ प्रत्येक चाउरीले
मेरा गल्तीहरूलाई माफीमा
रूपान्तरण गरेको छ

तिम्रो आँखाभित्र म
अझै पनि त्यो न्यानो बालक देख्छु
जो संसारसँग डराउँदा
तिम्रो काखमा आफ्नो आकाश भेट्थ्यो

आमा
तिमी हाँस्दा
मेरो जीवनमा वसन्त फक्रिन्छ
र
तिमी चुप लाग्दा
मेरो आत्मामा सुनसान
साँझहरू पस्छन्

तिम्रा हातहरू
समयका कठोर धारहरूसँग लड्दै
मेरो भविष्य बुनेका
ती मौन कलाकार
जसले आफ्नै सपनाहरूको
शवयात्रा निकालेर
मेरो सपनालाई जीवन दिएका छन्

आमा
तिमी त त्यो दीप हौ
जसले आफू जलिरहँदा पनि
मेरो बाटो उज्यालो बनाइरहन्छ
तिम्रो मौनतामा पनि
एउटा गहिरो गीत लुकेको हुन्छ
त्यो गीत जसले मलाई
हरपल मानव बन्न सिकाउँछ

आज जब आमाको मुख हेर्ने दिन
ढोकामा टकटक गर्दैछ
मसँग दिने केही छैन
न त ठूलो शब्द
न त कुनै उपहार
मसँग त केवल
यी केही भिजेका अक्षरहरू छन्
जुन तिम्रो ममताको सागरमा
सानो तर साँचो छाल बन्न चाहन्छन्

आमा
यदि जीवन फेरि लेख्न पाइन्थ्यो भने
म फेरि तिम्रै कोख रोज्थेँ
किनकि तिमी बिना
मेरो अस्तित्व केवल अधुरो वाक्य हो

तिमी हौ
मेरो पहिलो कविता
मेरो अन्तिम प्रार्थना र
मेरो सम्पूर्ण ब्रह्माण्डको केन्द्र
आमा,
तिमीलाई नमन

## गाउँखाने कथा

**१. सानो मुखको ठूलो बोली, परै देखि छोड्छ गोली ।**
**• बन्दुक**

**२. फले बस्छ कतै–कतै, नफले बस्छ जतातातै ।**
**• धान–चामल**

**३. भनौं भने स्वयं हो बुढेकालको साथी, काम दिन्छ सबैलाई विशेष गरी राती ।**
**• लौरो**

**४. सानो–सानो थालमाथि गजबको छ ताल, त्यसमाथि पौडी खेल्ने साह्रै मीठो माल ।**
**• सेलपुरी**

**५. रुपरङ केही छैन हुन्न अनमोल, त्यसैभित्र अडेको छ जीवनको मोल ।**
**• हावा**

# आमा



**✍पार्वती दुलाल**

नौं नौं महिना कोखमा बोकी,
धर्ती टेकाई संसार देखाई बनाई अन्धकार
स्वर्गीय भयौ आमा तिमी छत्तीस
अञ्जुली पानी मातातीर्थ औँसीको उपहार ॥

कति औँसी आयो आमा
तिम्रै तस्वीर मात्र भयो हातमा
कयौँ दु:ख कष्ट भुल्थेँ होला
तिमी हुँदा मेरो साथमा ॥

तिमी हुँदा छुट्टै खुसी मिल्थ्यो
आमा पहिले पहिले
अन्धकारको जीवन जिउन सहज छैन
आमा यहाँ अहिले ॥

औँसी आयो भन्दै सबै
हुन्छन् आमाको साथमा
आफ्नो भने आमा छैनन्
तस्वीर लिँदै बस्छु हातमा ॥

चाडपर्व आउँदा मन
सम्हाल्न नसकिने रहेछ आमा
मन भारी हुन्छ
तर बिसाउने चौतारी नै रहेनौ आमा ॥

मातातीर्थ औँसी आज
सम्झनामा तड्पिरहेछु
तिम्रो माया आशीर्वाद
स्वर्गबाट दिन्छौ कि हेरी रहेछु ॥

छत्तीस अञ्जुली पानी दिई
औँसीको उपहार दिन्छु आमा
स्वर्गबाट आशीर्वाद देऊ
खुसी भई लिन्छु आमा ॥

जन्म दिने आमा जस्तो
अरु कोही हुन्न आमा
चाडपर्व आउँदा यति
मन रुन्न आमा ॥

*मकवानपुरगढी-२, बाँसपानी*

# प्यारी बहिनी दीपिका



**✍सुमन राय**

प्यारी बहिनी दीपिका,
तिमी मेरो सानो संसार हौ,
मेरो हाँसोको कारण,
मेरो मनको आधार हौ ।

हिजो तिमी सानी थियौ,
मेरो हात समाएर हिँड्थ्यौ,
आज ठूली भयौ,
तर माया उस्तै दिँदैछ्यौ ।

जब म थाक्छु जीवनबाट,
तिम्रो मुस्कानले ऊर्जा दिन्छ,
मेरो दुखको अँध्यारोमा,
तिम्रो मायाले उज्यालो छर्छ ।

तिमी टाढा हुँदा पनि,
मन सधैं तिम्रै साथमा हुन्छ,
रातभरि सम्झिँदा तिमीलाई,
आँखाबाट आँसु बगिरहन्छ ।

तिमी टाढा हुँदा पनि,
मन सधैं तिम्रै साथमा हुन्छ,
रातभरि सम्झिँदा तिमीलाई,
आँखाबाट आँसु बगिरहन्छ ।

यदि कहिल्यै म टुटे भने,
तिमी बल बनिदिनु,
यो संसार कठोर भए पनि,
तिमी कहिल्यै नहार्नु ।

प्यारी बहिनी दीपिका,
तिमी मेरो गर्व हौ,
मेरो जीवनको सबैभन्दा सुन्दर उपहार हौ ।

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# गजल



**✍एवाइ प्रभात**

यो हृदयमा पीडाको, अझै गहिरो बास छ ।
तिमी टाढा भए देखि, जिन्दगी नै निरास छ ।

हर घडी तिम्रै याद, सम्झनाले पोल्छ भित्रै,
मुटुमा जलिरहेको, एउटा ठुलो त्रास छ ।

ओठले हाँसो देखाए, आँखा पनि रसाए,
लुकेको छ वेदनामा, भित्र मात्र आभास छ ।

तिम्रा हर वाचा किन, हावासँगैं बिलाए,
मनमा अझै उसकै, अटल विश्वास छ ।

रातमा अँध्यारो हुँदा, तिमी झन् नजिकिन्छौ,
निन्द्राभित्र पनि तिम्रै, अनुहार पास छ ।

*सहिदभूमि धनकुटा*

# शुभकामना



**✍अनाम आचार्य**

नयाँ वर्ष २०८३ को
सबैमा शुभकामना
शुभ रहोस् हजुरको यात्रा
यही छ कामना ।

जीवनमा चुनौतीहरू आउन्
पार गर्न सक्षम हुनु,
बाधा अड्चन आओस्
समाधान गर्ने शक्ति मिलोस् ।

नआत्तिनु, नडराउनु
असल कर्म कहिल्यै नछोड्नु,
नबोल्नु तितो न रुखो वचन
न आफ्नालाई न पराईलाई ।

नयाँ वर्ष २०८३ को
सबैमा शुभकामना
शुभ रहोस् हजुरको यात्रा
यही छ कामना ।

*शिक्षक, नवोदय शिशु सदन, हेटौंडा-४*

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं
र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**: मान्यजन तथा वरिष्ठ व्यक्तिसँग निकटता बढ्ने छ। प्रतिष्ठामा वृद्धि हुने छ । व्यापार–व्यवसाय ठिकै रहने छ । काममा प्रयास गरे सफलता प्राप्त हुनेछ। परिस्थितिको दुर्बलता र मानसिक कठोरता भने कायमै होला। धार्मिक एवम् सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ। अध्ययन–अध्यापन मध्यमकारक नै मान्नुपर्ने समय योग छ।

**वृष राशि**: दृढता र हौँसला आवश्यक हुने समय देखिन्छ । व्यापार–व्यवसायमा भने सोचे अनुरुप लाभ नहोला । कारोबारमा मन्दी छाउने छ । गोपनीयता बाहिरीनाले मानसिक कमजोर रहला । अध्ययन अध्यापनमा धेरै नएकोहोरिदाँ राम्रो रहला । धार्मिक एवम् सामाजिक अनि राजनैतिक क्रियाकलापमा सरिक भइने समय योग छ ।

**मिथुन राशि**: आयआम्दानीमा वृद्धि हुने समय योग देखिन्छ। उपहार र चिठ्ठाबाट लाभ होला । प्रेमी/प्रेमीकाको मिलन हुने समय हो । मन फुकाएर कुरा राखिएला । नयाँ सवारी साधन खरिद गरिएला । मीठो भोजन प्राप्ति होला। मन उत्सुक र आशावादी बनिएला। मन भावुक र चञ्चल बन्ला। नोकरीमा सफलता प्राप्त होला।

**कर्कट राशि**: अरुको काम गर्नाले आफ्नो समस्या जस्ताको त्यस्तै रहला । नकारात्मक कुरालाई हाबी हुन दिनु हुँदैन । बिचाराधीन र बिवाहित मुद्धाहरु हल होलान्। धार्मिक र सामाजिक काममा सरिक भइने छ। व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ। वैदेशिक प्रयोजनका काममा सफलता होला । पढाई–लेखाई ठिकै छ । प्रेम जीवनमा दोधार होला ।

**सिंह राशि**: कसैप्रति अलि बढी आकर्षित भइएला । आफ्ना बिचार र भावना माथि नियन्त्र गर्दा राम्रो। बुद्धि र कौशलको प्रयोगले लाभ होला। बाध्यात्मक परिस्थितिले अलमल्याउँला। प्रेमी र प्रेमीकालाई सर–सहयोग हुने देखिन्छ । दार्शनिक र आध्यात्मिक भावना पैदा होला । प्राज्ञिन र ज्ञानगुणका क्षेत्रमा समय बित्ला ।

**कन्या राशि**: राजनैतिक प्रतिद्वन्द्वीले हानी पुऱ्याउँन सक्ने समय योग छ। गोपनीयता बाहिरीनाले हानी पुग्ला। आफ्नो समझदारीले समस्या हल हुने योग छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । अर्कोको सुझाव ग्रहण गर्दा राम्रो रहन्छ। आफ्नो पार्टनरलाई समय दिन नसक्दा अप्ठ्यारो पर्ला। पढाई–लेखाई ठिकै देखिन्छ।

**तुला राशि**: बिछोडिएका साथीभाईसँग भेटघाट होला । सामाजिक र परोपकारी भावनाको विकास हुनेछ। आर्थिक स्थिति उकास्न अलि बढी मिहिनेत गर्नुपर्ला । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । अध्ययन–अध्यापन ठिकै रहने छ । आत्मसम्मान प्राप्त हुने योग छ । अर्कोको काममा समय व्यतित हुने योग छ ।

**वृश्चिक राशि**: आर्थिक पक्ष सुदृढ रहने छ। आयआम्दानीमा वृद्धि हुने योग छ। कार्यक्षेत्रमा बोली र कामको कदर होला। पारिवारीक वातावरण पनि ठिकै देखिन्छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । बोली र व्यवहारमा नम्रता राख्दा राम्रो । विद्या प्राप्ति र पठनपाठनको क्षेत्रमा प्रसिद्धि कमाइएला ।

**धनु राशि**: दैनिक कामको निरन्तरता बाहेक कानुनी अल्झन र आर्थिक गतिविधिलाई व्यवस्थापन गर्नु राम्रो रहने छ। प्रतिस्पर्धाले झन् काम गर्ने अवसर प्राप्त होला। कडा परिश्रमले काममा पूर्णता होला। सामाजिक र राजनैतिक काममा समय बित्ला। अध्ययन–अध्यापन मध्यमकारक नै छ। व्यवहारिक बन्दा अझैं लाभ हुने योग छ ।

**मकर राशि**: आशावादी नभई लगनशील बन्दा राम्रो रहन्छ। विरोधी र प्रतिस्पर्धीसँग बचेर काम गर्दा राम्रो रहन्छ। काममा गोपनियता राख्दा राम्रो रहन्छ । आर्थिक पक्ष बाधक बन्ला । व्यापार–व्यवसायमा मध्यमकारक समय रहला। ऋण वा सापटीको समय छ। पढाई–लेखाई मध्यमकारक नै मान्नुपर्दछ। धार्मिक कृत्यमा सरिक भइने छ।

**कुम्भ राशि**: आत्मविश्वास बढ्ने र आयस्रोतमा वृद्धि हुने योग छ। शेयर कारोबारबाट लाभ प्राप्त होला। प्रतिभा अनुसार अवसर मिल्नेछ। सामाजिक एवम् धार्मिक क्षेत्रमा सुसम्बन्ध कायम होला । बौद्धिक र ज्ञानमूलक क्षेत्रमा मन एकोहोरो हुनेछ।

**मीन राशि**: अनुकूल समय भएकोले काममा बाधा हुने छैन । नवीन रोजगारीको अवसर प्राप्त होला । बन्दव्यापार र कारोबारमा वृद्धि हुने समय योग देखिन्छ । दौडधूपमा समय व्यतित होला । बुद्धिकौशल र बाहुबलको प्रयोग गर्दा राम्रो रहन्छ । अभिभावकको आशिर्वादले लाभ होला। पढाई–लेखाई ठिकै समय योग छ।



# सहयोग र श्रमदानबाट अग्निपीडितलाई घर



सहयोग र श्रमदानबाट बनेको घर पाएपछि खुसी हुँदै अग्निपीडित परिवार ।

समाज संवाददाता

लावती (राक्सिराङ्ग) : श्रम संस्कृति पार्टी जिल्ला कमिटी मकवानपुरले राक्सिराङ्ग गाउँपालिकाका-३, लावतीको एक गरिब तथा विपन्न निशा माया चेपाङ्गको परिवारलाई नयाँ घर बनाई दिएको छ । गत चैत ४ गते निशामायाको घर जलेर पूर्णरुपमा नष्ट भएको थियो । शुक्रबार श्रम संस्कृति पार्टीका जिल्ला अध्यक्ष युनेश लामा सिङ्तानसहितको टोली हेटौँडाबाट राक्सिराङ पुगेर निशामाया चेपाङलाई घर हस्तान्तरण गरेका हुन् । श्रम संस्कृति पार्टीका प्रतिनिधिले घर जलेर नष्ट भएको एक महिनामै आर्थिक सहयोग संकलन गरेर र श्रमदानबाट घर निर्माण कार्य सम्पन्न गरेर चेपाङ्गको परिवारलाई हस्तान्तरण गरेको हो ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्य तथा पार्टीका जिल्ला अध्यक्ष युनेश लामा सिन्तानको सभाध्यक्षमा घरको चाबी हस्तान्तरण गरिएको हो । करिब १० धुर ऐलानी जग्गामा साढे ३ धुरको जमिनलाई ओगटेर श्रमदानबाट एक तल्ला २ कोठाको घर निर्माण गरेको जिल्ला अध्यक्ष युनेश लामा सिन्तानले बताए । चेपाङको घर जलेर साढे ६ लाख बराबरको क्षति भएको थियो । घर निर्माणका लागि करिब ८ लाख रुपैयाँ खर्च हुने भएपनि पार्टीका कार्यकताको श्रमदानबाट र विभिन्न व्यक्तित्व तथा कम्पनीको सहयोगबाट सहयोगबाट २ लाख ५ हजार १ सय ६६ रुपैयाँको बजेटमा निर्माण गर्न सफल भएको जिल्ला अध्यक्ष सिङ्तानले बताए ।

घर निर्माणका लागि सुब्बा फर्निचर उद्योग र भट्ट मोबाइल पसलबाट ५/५ बोरा सिमेन्ट र गोपी ग्लान फर्निचरबाट ३ बोरा गरी १३ बोरा सिमेन्ट, बाबुलाल स्याङ्तानबाट ग्राबल र १ टिप बालुवाको ढुवानी सहयोग भएको थियो भने मनहरी ग्रिल उद्योगबाट ढोका बनाउदा छुट पाएको थियो । यसअघि पार्टीका कार्यकर्ताले घर जलेको खबर पाए लगतै १२ हजार रुपैयाँ बराबरको खाद्यान्न तथा कपडा सहयोग गरेको थियो ।

घर हस्तान्तरणपछि राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले श्रम संस्कृति पार्टीले पीडित परिवारको पीर, मर्कालाई बुझेर श्रमदानबाट राक्सिराङ्ग गाउँपालिबाटै सामाजिक उत्तरदायित्व अन्तर्गतको कामको सुरुवात गरेकोमा खुशी व्यक्त गरेका छन् । १ महिना पहिले आगोमा जलेर घर नष्ट भएको कुरालाई मुल्याङ्कन गर्दै श्रमदानबाट घर निर्माण गरिदिएकोले पीडित परिवारलाई आश्वासन दिलाएका छन् ।

घर निर्माण भएपनि घरमा राम्रो शौचालय नभएको कारणले गाउँपालिकाबाट प्यान टायल लगायत सामग्री सौजन्य गरेर शौचालय निर्माण गर्ने कामका लागि पहल गर्ने बताएका हुन् । उनले चेपाङ्गले नागरिकता नभएको कारणले विभिन्न सेवा सुविधाको कामबाट बञ्चित भएको बताउँदै वडाबाट सिफारिस गराएर नगरिकता बनाइदिन पहल गर्ने विश्वास दिलाएका थिए । अहिलेको समयमा नागरिकता राष्ट्रिय परिचयपत्र बिना विभिन्न सरकारी सेवा लिन नपाउने अवस्था रहेको बताए ।

# ज्ञानदा माविमा विद्यालय व्यवस्थापन समिति सदस्यहरु चयन

समाज संवाददाता

हेटौँडा: हेटौँडा-१० स्थित ज्ञानदा माविको ५४ औं अभिभावक भेलाले विद्यालय व्यवस्थापन समिति सदस्यहरु सर्वसम्मत चयन गरेको छ । शुक्रबार भएको भेलाले समितिको सदस्यहरुमा ध्रुवबहादुर हाडा, मानकाजी गुरुङ, बिनिता गोले र ममता रोकायालाई सर्वसम्मत चयन गरेको हो ।

९ सदस्यीय विद्यालय व्यवस्थापन समितिमा वडा प्रतिनिधि, शिक्षक प्रतिनिधि चयन गर्न बाँकी रहेको विद्यालयले जनाएको छ । समितिमा शिक्षक प्रतिनिधि तथा वडा प्रतिनिधि चयन भएपछि सदस्यसचिवको रुपमा प्रधानाध्यापकसहितको बैठक बसेर अध्यक्ष चयन गरिने विद्यालयले जनाएको छ ।

शुक्रबार नै विद्यालयको शिक्षक अभिभावक संघ पनि सर्वसम्मत चयन गरिएको छ । शिक्षक अभिभावक संघको अध्यक्षमा लालबहादुर गुरुङ चयन हुनुभएको छ । सदस्यहरुमा सञ्जु थोकर, देवकी विश्वकर्मा, निलमदेवी शर्मा, सुरेश रजक, सुशील कर्माचार्य र शेख नुरुल इस्लाम गरी ७ जना सर्वसम्मत चयन गरिएको छ । संघको पहिलो बैठकले ७ सदस्यीय अभिभावक सदस्य बाहेकका थप शिक्षक सदस्यहरु भने शिक्षक अभिभावक संघको संयुक्त बैठकले निर्क्यौल गर्नेसमेत विद्यालयले जनाएको छ ।

# ‘सिर्जना संसार’ को दोस्रो अंक सार्वजनिक



‘सिर्जना संसार’ सार्वजनिक गरिँदै ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टमा कक्षा १२ मा होटल म्यानेजमेन्ट विषय अध्ययनरत विद्यार्थीहरुले प्रकाशन गरेको ‘सिर्जना संसार’ को दोस्रो संस्करण सार्वजनिक गरिएको छ । शुक्रबार म्यानेजमेन्टमै एक समारोहका बीच ’सिर्जना संसार’ को दोस्रो संस्करण सार्वजनिक गरिएको हो ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्टको होटल म्यानेजमेन्ट विभागका प्रमुख राजीव कर्णको अध्यक्षता तथा म्यानेजमेन्टका सहायक प्रिन्सिपल रामपण्डित खनालको प्रमुख आतिथ्यमा ‘सिर्जना संसार’ को लोकार्पण गरिएको हो । ‘सिर्जना संसार’ मा विद्यार्थीका साहित्यिक रचना प्रकाशित छ । सम्पादन मण्डलका सदस्य म्यानेजमेन्टका प्राध्यापक अमूल श्रेष्ठले विद्यार्थीलाई रचनात्मक बनाउन ‘सिर्जना संसार’ प्रकाशन गरिएको बताउनुभयो ।

कार्यक्रममा समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले विद्यार्थीका लागि रचनात्मक कामको रुपमा साहित्यिक पत्रिका प्रकाशन गर्नु उपयुक्त भएको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रकै प्रवर्द्धन गर्ने र विद्यार्थीले पर्यटन क्षेत्रको वस्तुस्थिति पनि बुझ्ने गरी पत्रिकामा लेख, रचना तयारी गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

# हेटौँडा क्याम्पसको प्रमुखमा मानन्धर



नवनियुक्त क्याम्पस प्रमुख देवचन्द्र मानन्धर ।

समाज संवाददाता

हेटौँडा : बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रुपान्तरण भएको हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको क्याम्पस प्रमुखमा देवचन्द्र मानन्धर नियुक्त हुनुभएको छ । यसअघि २०७१ सालदेखि २०८० सालसम्म सो क्याम्पसको प्रमुखको रुपमा र हिसक्नुभएका मानन्धर बिहीबार पुनः क्याम्पस प्रमुख नियुक्त हुनुभएको हो । २०५८ सालदेखि निजी विद्यालयमा अध्यापन गराउनुभएका मानन्धर २०६३ मा निर्मल मावि, बस्तीपुरमा पठनपाठन गराउनुभएको थियो । २०६३ सालमै हेटौँडा क्याम्पसमा अध्यापन सुरु गर्नुभएका मानन्धर २०७१ देखि २०८० सम्म दुई कार्यकाल क्याम्पस प्रमुख भइसक्नु भएको छ ।

नेपालमा विद्यालय शिक्षा विकासका लागि स्ववित्त संस्थाहरुको भूमिका विषयमा विद्यावारिधी उपाधि प्राप्त गर्नुभएका मानन्धर बागमती सरकारको उद्योग, वाणिज्य, भूमि तथा व्यवस्थापन मन्त्रालयमा विज्ञ सल्लाहकारसमेत रहनुभएको थियो । उहाँ क्याम्पस प्रमुख रहँदा २०८० सालमा हेटौँडा क्याम्पसले क्युएए (क्यालिटी एस्युरेन्स एन्ड एक्रिडिटेसन सर्टिफाइड) प्रमाणपत्र प्राप्त गरेको थियो ।

हेटौँडा क्याम्पसको सहकार्यमा हेटौँडा उपमहानगरपालिकाद्वारा हेटौँडा जनप्रिय क्याम्पस स्थापना गरी कृषि विज्ञानको स्नातक तह पठनपाठन भइरहेको छ । हेटौँडा क्याम्पसले त्रिभुवन विश्वविद्यालय स्थगित गरी बागमती विश्वविद्यालयबाट सम्बन्धन लिई तीनवटा संकायमा पठनपाठन सुरु गरेको छ । बागमती विश्वविद्यालय अन्तर्गत शिक्षा, व्यवस्थापन तथा कानून संकायमा एलएलबी, बीएचएम, बीआईटी, बीबीएलगायतका १५ भन्दा बढी शैक्षिक कार्यक्रम सुरु भएको नवनियुक्त क्याम्पस प्रमुख मानन्धरले बताउनुभयो । उहाँले बागमती विश्वविद्यालय अन्तर्गत हेटौँडामै पहिलोपटक इन्जिनियरिङ संकाय सुरु गर्ने योजना राखेकोसमेत स्पष्ट पार्नुभयो ।

हाल हेटौँडा क्याम्पसमा कक्षा ११ तथा १२ मा गरी ७ सय, त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तहमा २ सय, स्नातकमा ६ सय जना र बागमती विश्वविद्यालय अन्तर्गत १ सय ५ जना गरी करिब १ हजार ६ सय विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

# छुट्टाछुट्टै घटनामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका विभिन्न जिल्लामा भएका विभिन्न घटनामा परी ५ जनाको मृत्यु भएको छ । मकवानपुरको इन्द्रसरोवर गाँउपालिका-३, सिस्नेरीमा मच्छ नारायण रोडा उद्योगमा ट्रिपर चालकको मृत्यु भएको छ । काभ्रे जिल्लाको नवबुद्ध नगरपालिका-२ घर भई हाल सिस्नेरीस्थित उद्योगमा कार्यरत ३५ वर्षीय मदन गौतमको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

खाना खाइरहेको बेलामा अचानक पेट दुखेपछि गौतमलाई उपचारका लागि अस्पताल लगिएको थियो । स्थानीय सिस्नेरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारपछि थप उपचारका लागि गौतमलाई काठमाडौं लगिएको थियो । गौतमको उपचारको क्रममा बयोधा अस्पतालमा बिहिबार राती साढे १० बजे मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । घटनासम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै बिहिबार नै धादिङको बेनीघाट रोराङ गाँउपालिका-९, सेलाजुङका ५ वर्षीय सविन चेपाङको डुबेर मृत्यु भएको छ । घर नजिकै खेल्ने क्रममा स्थानीय सन्दिप चेपाङको सिचाई पानी ट्याङ्कीमा खसेका सविनको डुबेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । दोलखा जिल्लाको जिरी नगरपालिका-४, पटासेका ७८ वर्षीय पर्तबहादुर तामाङको उपचारको क्रममा मृत्यु भएको छ । गत चैत्र २५ गते मलामी गएर घर फर्कने क्रममा घर नजिकैको बारीको कान्लाबाट लडेर घाईते भएका पर्तबहादुरलाई उपचारका लागि काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारको क्रममा बुधबार मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । यस्तै रामेछाप जिल्लाको मन्थली-२, पिप्ले सानोचौरका ५९ वर्षीया चन्द्रावती श्रेष्ठको रुखबाट लडेर मृत्यु भएको छ । आफ्नै घर नजिकैको बारीमा रहेको कुटमेरोको रुखबाट घाँस झार्ने क्रममा लडेर चन्द्रवातीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

दोलखा जिल्लाको तामाकोशी गाउँपालिका-१, भिर्कोटमा बिहिबार साँझ साढे ७ बजेको समयमा बारीको कान्लाबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुने ५२ वर्षीय राजन उप्रेती रहेको प्रहरीले जानकारी दिएको छ । बारीको कान्लाबाट १० फिट तल खसेका उप्रेतीको घटनास्थलमै मृत्यु भएको हो ।

# संसदीय समितिका सभापति छानिए

काठमाडौं : संघीय संसद्अन्तर्गतका संसदीय समितिहरूले पूर्णता पाएका छन् । शुक्रबार १२ वटा संसदीय समितिले सभापति चयन गरेसँगै पूर्णता पाएको हो । शुक्रबार भएको निर्वाचनबाट १० वटा समितिमा सर्वसम्मत सभापति चयन भए । दुई वटामा भने निर्वाचन भयो ।

राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकाल सर्वसम्मत निर्वाचन भए । कानुन न्याय तथा मानवअधिकार समिति सभापतिमा रास्वपाकी सांसद समीक्षा बास्कोटा सर्वसम्मत निर्वाचित भएकी छन् । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापतिमा रास्वपाका अशोककुमार चौधरी, पूर्वाधार विकास समिति सभापतिमा रास्वपाका आशिष गजुरेल, महिला तथा सामाजिक मामिला समिति सभापतिमा रास्वपाकी आकृति अवस्थी सर्वसम्मत निर्वाचित भए ।

संसदीय सुनुवाइ समिति सभापतिमा रास्वपाका बोधनारायण श्रेष्ठ, उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा रास्वपाकै रहबर अन्सारी, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति सभापतिमा रास्वपाका सुम्निमा उदास र अर्थ समिति सभापतिमा कृष्णहरि बुढाथोकी पनि सर्वसम्मत निर्वाचित भए । यसबाहेक सार्वजनिक लेखा समिति सभापतिमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका भरत खड्का पनि सर्वसम्मत निर्वाचित भए । रास्वपाको समर्थन पाएका खड्काले पाएपछि यो समिति सभापतिमा एकल उम्मेदवारी परेको थियो । बाँकी दुई वटा समिति सभापतिका लागि भने एकभन्दा बढी उम्मेदवारी परेको थियो ।

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन सभापतिमा दुई जनाको उम्मेदवारी परेको थियो । रास्वपाका तर्फबाट गणेश कार्की र नेपाली कम्युनिस्ट पार्टीको तर्फबाट मदन कुमारी शाह (गरिमा) को उम्मेदवारी दिएका हुन् । रास्वपाको स्पष्ट बहुमत भएकाले कार्की निर्वाचित भए । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापतिमा पनि दुई जनाको उम्मेदवारी परेको थियो । यो समिति सभापतिमा रास्वपाकी ओजस्वी शेरचन र नेकपा एमालेका गुरुप्रसाद बरालको उम्मेदवारी परेको थियो । यसमा पनि रास्वपाको स्पष्ट बहुमत भएकाले रास्वपाकी शेरचन निर्वाचित भइन् । *स्रोत : अनलाइनखबर ।*

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राहयता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/०५ गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा-४, मकवानपुर

## डढेँलोबाट बचौँ र बचाऔँ

- सलाई, लाईटरजस्ता प्रज्वनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौँ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौँ र गर्नेपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔँ,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौँ,

सचेत बनौँ, डढेँलोबाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔ

वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, नेपाल
हेटौँडा, मकवानपुर

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा-४, मकवानपुर

## सम्पदा जोगाऔँ, पहिचान बचाऔँ ।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौँ ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौँ ।
- पुरातात्विक तथा धार्मिक स्थलहरुमा तोडफोड वा क्षति नपुऱ्याऔँ ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौँ ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरुको पालना गरौँ ।
- पर्यटक तथा आगन्तुकहरुलाई सम्पदाको महत्वबारे जानकारी गराऔँ ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔँ ।
- पुराना सम्पदाहरुको मर्मत–सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔँ ।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौँ ।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ